# राष्ट्रिय महिला आयोग

# National Women Commission

भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-1-4256701
Fax: +977-1-4259411
Email:info@nwc.gov.np
http://www.nwc.gov.np


प.सं. ०८१/०८२
च.नं. १८

मिति - २०८१/०४/११

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- २२६
दर्ता मितिः- २०८१/०४/१४

विषयः नीतिगत सिफारिसका सम्बन्धमा ।

प्रस्तुत विषयमा राष्ट्रिय महिला आयोगको आ.व. २०८०/८१ को वार्षिक कार्यक्रम,खोज अनुसन्धान, संघ/प्रदेशहरू र स्थानीय तहहरूसँग र विभिन्न निकायसँगको अन्तरक्रिया, छलफल तथा अनुगमनसमेत बाट प्राप्त पृष्ठपोषणका आधारमा त्यहाँ मन्त्रालयलाई देहाय बमोजिमको सुझाव सिफारिस गरिएको व्यहोरा आयोगको मिति २०८१/०४/०२ को निर्णयानुसार अनुरोध छ ।

देहायः

| क्रम संख्या | सिफारिसको विषय | सिफारिसको विवरण |
|---|---|---|
| १ | लैंगिक हिंसा निवारण कोष र अल्पकालिन आश्रयस्थल | प्रत्येक स्थानीय तहमा लैंगिक हिंसा निवारण कोषको स्थापना गरी हिंसा पीडित महिलाको तत्काल, उद्धार, राहत, पुर्नस्थापना तथा जीविकोपार्जन सहयोगमा परिचालन गर्ने र प्रत्येक जिल्लामा लैंगिक हिंसा पीडितहरुको लागि अल्पकालिन आश्रयस्थलको व्यवस्था गर्ने/गराउने । |
| २ | एकल महिला सुरक्षा कोष | (१) विगतमा स्थापना भएको एकल महिला सुरक्षा कोष सञ्चालन नियमावलीलाई संघीय संरचना अनुरुप संशोधन गरी सो को मापदण्ड तयार गरी शिघ्र सञ्चालनमा ल्याउनु पर्ने महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रालय<br>(२) प्रत्येक स्थानीय तहमा समेत एकल |

स्थानीय तह क्षमता बिकास महाशाखा
दर्ता नं. ३६
मितिः २०८१/०४/१८

Phone: +977-1-4256701
Fax: +977-1-4259411
Email:info@nwc.gov.np
http://www.nwc.gov.np


प.सं. ०८१/०८२
च.नं.

मिति - २०८१/०४/११

| | | |
|---|---|---|
| | | महिला सुरक्षा कोष स्थापना गरी उक्त कोषलाई एकल महिलाको सुरक्षा,उद्धार, राहत र जीविकोपार्जनसहयोगमा परिचालन गर्ने । |
| ३ | एकल महिलाको प्राथमिकीकरण | प्रत्येक स्थानीय तहबाट एकल महिलाको प्राथमिकीकरण गरी उनीहरुको सीप विकास र दीर्घकालिन रोजगारी सिर्जना हुन सक्ने किसिमलेसीप विकास र वीउँपुँजीको व्यवस्था गर्ने । |
| ४ | स्थानीय तहमा लैङ्गिक सम्पर्क इकाई (Gender Focul Unit) सञ्चालन मापदण्ड | सबै संघीय स्तरका विषयगत मन्त्रालयहरु,आयोगहरु, प्रदेशका विषयगत मन्त्रालय/कार्यालयहरु तथा प्रत्येक स्थानीयतहमा लैङ्गिक सम्पर्क इकाई (Gender FocalUnit)सञ्चालन मापदण्ड तयार गरी कार्यक्षेत्रगतशर्त समेत तोकी लैङ्गिक सम्पर्क इकाईको भूमिका प्रभावकारी बनाउने। |
| ५ | स्थानीय तहमा कानूनी सहजकर्ता (कानून अधिकृत), मनोसामाजिक परामर्शकर्ता र दोभाषेको दरबन्दी | प्रत्येक स्थानीय तहमा कानूनी सहजकर्ता (कानूनअधिकृत), मनोसामाजिक परामर्शकर्ता र बहिरासेवाग्राही लक्षित दोभाषेको दरवन्दी सिर्जना गरीपदपूर्तिको व्यवस्था गर्ने। |
| ६ | महिला, बालकालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरुमा जनशक्ति संरचना पुनरावलोकन र क्षमता विकास | (१) नेपाल प्रहरी अन्तर्गत सबै महिला, बालकालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरुमा जनशक्ति संरचना पुनरावलोकनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गर्ने<br>(२) सेवा केन्द्रमा पदस्थापन भएका कर्मचारीहरुलाई पर्याप्त लैंगिक सम्वेदनशील सेवा प्रवाह सम्बन्धीअभिमुखीकरणको व्यवस्था गर्नुपर्ने ।<br>(३) सेवा केन्द्रहरुमा एक जना मनोपरामर्शकर्ताको समेत व्यवस्था गर्ने। |

# राष्ट्रिय महिला आयोग
## National Women Commission
भद्रकालीप्लाजा, काठमाडौं

Phone: +977-1-4256701
Fax: +977-1-4259411
Email:info@nwc.gov.np
http://www.nwc.gov.np


प.सं. ०८१/०८२
च.नं.

मिति - २०८१/०४/११

| | | |
|---|---|---|
| ७ | विद्यालयको पाठ्यक्रममा लैंगिक सवाल र लैङ्गिक तथा घरेलु हिंसा कसूर तथा सजायलाई छुट्टै इकाईको रुपमा समावेश | विद्यालयहरुका किशोर किशोरीलाई लक्षित गरी आत्मरक्षा सम्बन्धी तालिम संघीय मामिला तथासामान्य प्रशासन सञ्चालन गर्ने । |
| ८ | अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम | प्रत्येक स्थानीय तहले विद्यालयका विधार्थीहरुलाई लक्षित गरी ज्येष्ठ नागरिक/ज्येष्ठ महिला माथि हुने अवहेलना र दुर्व्यवहारको न्यूनीकरणमा प्रवर्द्धनात्मक उपाय स्वरुप आवधिक रुपमा अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम गर्ने। |
| ९ | महिला विकास कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारिहरुको बृति विकास | नेपाल विविध सेवाका साविकको महिला विकास कार्यक्रम अन्तर्गत कार्यरत सबै महिला कर्मचारीहरु कर्मचारी समायोजन ऐन, २०७५ अन्तर्गत संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएकोमा उक्त सेवाका कर्मचारीहरुको वृत्तिपथ सुनिश्चित गर्ने । |
| १० | महिला विकास कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारिहरुको TOR | कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका नेपाल विविध सेवा अन्तर्गत महिला विकास कार्यक्रम तर्फका कर्मचारीहरुलाई महिला विकास तथा सशक्तीकरण एवं महिला अधिकारको सरोकारका विषयमा जिम्मेवारी नदिई अन्य किसिमका जिम्मेवारी दिइएको हुँदा स्थानीय तहमा महिलाका समस्याहरु संबोधन गर्न हुन नसकेको देखिएकोले:<br>(१) प्रत्येक स्थानीय तहमा छुट्टै महिला विकास इकाई स्थापना गर्ने ।<br>(२) संघबाट समायोजन भएका नेपाल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय विविध सेवा अन्तर्गत साविक महिला विकास कार्यक्रम तर्फका महिला |

# राष्ट्रिय महिला आयोग

## National Women Commission

भद्रकालीप्लाजा, काठमाडौं

Phone: +977-1-4256701
Fax: +977-1-4259411
Email:info@nwc.gov.np
http://www.nwc.gov.np


प.सं. ०८१/०८२
च.नं.

मिति - २०८१/०४/११

| | | |
|---|---|---|
| | | कर्मचारीहरुलाई महिला विकास,महिला सशक्तीकरण, लैंगिक हिंसा न्यूनीकरण तथा घटना व्यवस्थापन, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको संरक्षण र सशक्तीकरण सम्बन्धी विषयमा कार्यक्षेत्रगत शर्त तोकी खटाउने। |

२०८१/४/११

...................
माधवराज मरासिनी
(उपसचिव)